# विद्यालय खाली गर्ने योजना

परिचयः आपतकालीन अवस्थाहरुको लागि तयारी भनेको सुरक्षित समुदाय र अझ सुरक्षित संसारतर्फको पहिलो कदम हो। तपाईंको समुदायमा रहेका जोखिमहरु थाहा पाउँदा त्यो लक्ष्य हासिल गर्न मद्दत गर्नेछ। यस गतिविधिले आउन सक्ने कुनै पनि आपतकालिन अवस्थाहरुको लागि योजनाहरु बनाएर राम्रोसँग तयार रहन सहभागीहरुलाई मद्दत गर्नेछ।

## आपतकालीन योजना

### समय

१ घण्टा-लगातार

### कठिनाई

कठिन

### मानव संसाधनः

ठुलो कागज/पोस्टर टाँस्ने बोर्ड/रङ्गीन मार्करहरु, कलमहरु, टेप

**चरण १**

- तपाईंको विद्यालय र वरपरको क्षेत्रको नक्सा बनाउनुहोस्, र कुनै पनि जोखिम क्षेत्रहरु (नजिकैको नदी, असुरक्षित बुककेसहरु, बिजुलीका तारहरु, खाल्डाहरु, इत्यादि) पहिचान गर्नुहोस् जसबाट जोखिमपूर्ण परिवेशमा जोगिन सकियोस्।

**चरण २**

- एकआपसमा मिलेर विद्यालयमा आपतकालीन अवस्था भएमा तपाईं जान सक्ने दुईवटा सुरक्षित स्थानहरू निर्धारण गर्नुहोस्। तपाईंले पहिचान गर्नुभएका जोखिमहरूबाट बच्ने सुनिश्चित गर्नुहोस् साथै तपाईंका सुरक्षित क्षेत्रहरुमा पुग्न तपाईंले लिन सक्ने मार्गहरु कोर्नुहोस्।

**चरण ३**

- नक्साको सफा र अन्तिम प्रतिलिपि बनाउनका लागि नक्सा तथा खालीगर्नुपर्ने स्थानहरु अनुमोदन गर्न विद्यालय प्रशासकहरुसँग काम गर्नुहोस्। यी दुवैका प्रतिलिपिहरु बनाउनुहोस् र समुदायमा वरपर टाँस्नुहोस्।

**चरण ४**

- वर्षमा २ पटक विद्यालय खाली गर्ने अभ्यास गर्न विद्यालय प्रशासकहरुसँग काम गर्नुहोस्।

